IBO IB DIPLOMA PROGRAMME
PROGRAMME DU DIPLÔME DU BI
PROGRAMA DEL DIPLOMA DEL BI

# NEPALI A1 – STANDARD LEVEL – PAPER 2
# NEPALAIS A1 – NIVEAU MOYEN – ÉPREUVE 2
# NEPALÍ A1 – NIVEL MEDIO – PRUEBA 2

Friday 23 May 2003 (afternoon)
Vendredi 23 mai 2003 (après-midi)
Viernes 23 de mayo de 2003 (tarde)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

## INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Answer one essay question only. You must base your answer on at least two of the Part 3 works you have studied. You may include in your answer a discussion of a Part 2 work of the same genre if relevant. Answers which are not based on a discussion of at least two Part 3 works, will not score high marks.

## INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- Ne pas ouvrir cette épreuve avant d'y être autorisé.
- Traiter un seul sujet de composition. Vous devez baser votre réponse sur au moins deux des œuvres de la 3$^{e}$ partie que vous avez étudiées. Le cas échéant, vous pouvez inclure dans votre réponse une discussion sur une œuvre du même genre littéraire étudiée dans la 2$^{e}$ partie du programme. Les réponses qui ne sont pas basées sur au moins deux des œuvres de la 3$^{e}$ partie n'obtiendront pas une note élevée.

## INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Elija un tema de redacción. Su respuesta deberá basarse en al menos dos de las obras estudiadas en la Parte 3. Se podrán hacer comentarios sobre una obra de la Parte 2 del mismo género, si fuera necesario. Las respuestas que no incluyan una discusión sobre al menos dos obras de la Parte 3 no recibirán notas altas.

*तलका कुनै एक प्रश्नको निबन्धात्मक उत्तर लेख्नुहोस् । त्यस्तो निबन्धात्मक उत्तर तपाईंले अध्ययन गरेका भाग ३ का कुनै दुईवटा कृतिहरूमा आधारित हुनुपर्दछ । तपाईंले आवश्यक ठानेमा भाग २ का समान विधाका कृतिलाई पनि निबन्धात्मक उत्तरमा समावेश गर्न सक्नुहुन्छ तर भाग ३ का कम्तीमा २ वटा कृतिहरूमा उत्तर आधारित छैन भने त्यस्तो उत्तरले उच्च अङ्क प्राप्त गर्ने छैन ।*

१.कथा

(क) तपाईंले पढेका कथाहरूमा कथाकारले समाजसुधारका निम्ति के-कस्ता सन्देशहरू दिएका छन् ? र ती कसरी व्यक्त गरिएका छन् अनि ती सन्देशहरूप्रति तपाईंका प्रतिक्रियाहरू के-के हुन् ?

अथवा

(ख) तपाईंले पढेका कथाहरूमा कुन-कुन शैलीको प्रयोग भएको छ र तीमध्ये कुन शैलीको कथा किन बढी आकर्षक बनेको छ ? स्पष्ट पार्नुहोस् ।

२.उपन्यास

(क) तपाईंले पढेका उपन्यासहरूमा "घमण्ड गर्नाले मानिसको जीवन उच्च पनि हुन्छ अनि बर्बाद पनि हुन्छ" भन्ने विचारको तुलना एवं वर्णन कसरी गरिएको छ ?

अथवा

(ख) तपाईंले पढेका उपन्यासहरूमा आदर्श पुरुषपात्र अथवा आदर्श स्त्रीपात्रको आदर्शमय चरित्रको चित्रण कसरी गरिएको छ ? तुलना गर्नुहोस् ।

३.नाटक

(क) तपाईंले पढेका नाटकहरूमा नाटक सफल हुनका निम्ति सामाजिक परिवेश कति महत्वपूर्ण भएको छ ?

अथवा

(ख) "जीवन हाँसो र आँसुको पुञ्ज हो ।" तपाईंले पढेका नाटकहरूमा यो भनाइ कसरी प्रतिबिम्बित भएको छ वा छैन ?

४.कविता

(क) "कवितालाई सरल र जटील बनाउने प्रमुख माध्यम भाषा हो ।" यस भनाइसँग तपाईं सहमत हुनुहुन्छ ? आफूले पढेका कविताका आधारमा स्पष्ट पार्नुहोस् ।

अथवा

(ख) "बिम्ब र प्रतीकहरूको उचित प्रयोगले भनाइ सटिक र मार्मिक हुन्छ ।" तपाईंले पढेका कविताहरूमा कविहरूले आफ्नो भनाइलाई सटिक र मार्मिक तुल्याउनका निम्ति बिम्ब र प्रतीकहरूको के-कस्तो प्रयोग गरेका छन् अनि तपाईंमा तिनको कस्तो असर परेको छ ?

५.सामान्य प्रश्नहरू

(क) "जीवनजगतको यथार्थ चित्रण भएका साहित्यले पाठकमा अमिट छाप छाड्छ ।" यस भनाइसँग तपाईं कतिसम्म सहमत हुनुहुन्छ ?

अथवा

(ख) प्रत्येक साहित्यकारका प्रत्येक कृतिमा भिन्न-भिन्न उद्धेश्यहरू हुन्छन् भनें तपाईंले पढेका कुनै दुई कृतिका मुख्य उद्धेश्य के हुन् र तिनमा के अन्तर छ ?

अथवा

(ग) "आफ्ना साहित्यिक कृतिका माध्यमबाट पाठकका विचारमा परिवर्तन ल्याउन सक्ने साहित्यकार नै सफल साहित्यकार हो ।" यही भनाइअनुसार तपाईंले पढेका साहित्यिक कृतिहरूका आधारमा कुन-कुन साहित्यकारलाई किन र कसरी सफल ठान्नुहुन्छ ?

अथवा

(घ) "साहित्यमा सामाजिक स्थितिको पनि उद्‌बोधन हुन्छ अनि मानसिक स्थितिको पनि उद्‌बोधन हुन्छ ।" यी मध्ये कुनै एउटा स्थिति वा दुबै स्थितिको उद्‌बोधन भएको साहित्य बढी प्रभावकारी हुन्छ । तपाईंले पढेका साहित्यिक कृतिका आधारमा स्पष्ट पार्नुहोस् ।